नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, वैशाख १२ गते, २०७७ साल (अतिरिक्ताङ्क ४

भाग २

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको अध्यादेश नं. ३

केही अध्यादेशलाई खारेज गरी ऐनको साविकको व्यवस्थालाई जगाउन बनेको अध्यादेश

प्रस्तावना: केही अध्यादेशलाई खारेज गरी त्यस्ता अध्यादेशबाट संशोधन भएका केही नेपाल ऐनका व्यवस्थालाई जगाई साविककै व्यवस्था कायम गर्न आवश्यक भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस अध्यादेशको नाम "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>खारेजीः</u> देहायका अध्यादेश खारेज गरिएका छन्:-

(क) संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७,

(ख) राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७७ ।

३. <u>संशोधन भएको व्यवस्था जागेको मानिनेः</u> दफा २ बमोजिम खारेज भएका देहायका अध्यादेशले देहायका ऐनमा गरेको संशोधनका सम्बन्धमा त्यसरी संशोधन हुनुभन्दा तत्काल अघि कायम रहेको व्यवस्था स्वतः जागेको मानिनेछः-

(क) संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ मा "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७" बाट भएको संशोधन,

(ख) राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७७" बाट भएको संशोधन ।

प्रमाणीकरण मितिः २०७७।१।१२

आज्ञाले,
राजीव गौतम
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३